रंगेली नगरपालिका मोरङ्ग द्वारा प्राकाशित

# रंगेली नगरपालिका

# स्थानीय राजपत्र

खण्ड :७ संख्या : ४ मिति : २०८०/०३/०५

## भाग २

## रंगेली नगरपालिका

नेपालको संविधानको धारा २२६ तथा स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२ बमोजिम नगरकार्यपालिकाले बनाएको यो ऐन सर्वसाधारणको लागि प्रकाशन गरिएको छ ।

## छाडा पशु चौपाया नियन्त्रण तथा सडक फुटपाथ व्यवस्थापन कार्यविधि-२०८०

नगरकार्यपालिका बाट स्वीकृत मितिः २०८०/०३/०५

# छाडा पशु चौपाया नियन्त्रण तथा सडक फुटपाथ व्यवस्थापन कार्यविधि-२०८०

**प्रस्तावना** : रंगेली नगरपालिका क्षेत्र भित्र जथाभावी छाडिने बेवारिसे छाडा पशु चौपाया र सडक अतिक्रमण गरी व्यवसाय तथा निर्माण सामाग्रीले सडक एवं सार्वजनिक स्थलमा पुऱ्याइरहेको अवरोध नियन्त्रण गर्न, यातायातका साधन तथा सर्व साधारणको आवागमनमा अवरोध पुऱ्याई हुन सक्ने दुर्घटनालाई रोक्न यस्ता छाडा पशु चौपायाहरुबाट सडक तथा फुटपाथमा बाट हुन सक्ने विभिन्न अवरोधलाई नियन्त्रण गरी आवश्यक व्यवस्थापन गर्न वाञ्छनीय भएकोले रंगेली नगर कार्यपालिकाले यो छाडा पशु चौपाया नियन्त्रण तथा सडक फुटपाथ व्यवस्थापन कार्यविधि-२०८० तर्जुमा गरी लागु गरेको छ ।

## परिच्छेद- १

प्रराम्भिक:

१. संक्षिप्त नाम र प्रारम्भ : (क) यो कार्यविधिको नाम "छाडा पशु चौपाया अतिक्रमण नियन्त्रण तथा सडक फुटपाथ व्यवस्थापन कार्यविधि-२०८०" रहेको छ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "छाडा चौपाया" भन्नाले वेवारिसे अवस्थामा सार्वजनिक स्थलमा छाडिएका गाई-गोरु, राँगा-भैंसी, खशी, बोका, बाखा, भेडा, सुंगर, बंगुर र यीनका सन्तानलाई सम्झनु पर्दछ ।

(ख) "सडक" भन्नाले नगरभित्रका मोटर बाटो र पक्की कालोपत्रे मोटर बाटोलाई सम्झनुपर्छ ।

(ग) "फुटपाथ" भन्नाले नगरपालिकाले तोकिएको वा बिगत देखी पदयात्री हिड्ने बाटोलाई सम्झनुपर्छ ।

(घ) "तोकिएको वा तोकिए बमोजिमको" भन्नाले यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा नगर कार्यपालिकाले समय समयमा निर्णय गरी जारी गरेको आदेश तथा निर्देश समेत सम्झनु पर्दछ ।

(ङ) "नगरपालिका" भन्नाले रंगेलीनगर पालिका सम्झनु पर्दछ ।

(च) "नगर कार्यपालिका" भन्नाले रंगेलीनगर कार्यपालिका सम्झनु पर्दछ ।

(छ) "प्रमुख" भन्नाले नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रंगेलीनगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(झ) "सभा" भन्नाले नगरपालिको नगर सभा सम्झनु पर्दछ ।

(ञ)"अनुगमन समिति" भन्नाले यो कार्यविधि अनुसार अनुगमन गरी कार्यपालिका समक्ष प्रतिवेदन गर्ने अनुगमन समिति सम्झनु पर्दछ ।

## परिच्छेद-२

## सरोकारवालाहरुको काम, कर्तव्य

३.पशु चौपाया धनीको कर्तव्यः

(क) कुनै पनि पशु चौपाया धनीले आफ्ना पशु चौपायाहरु व्यवस्थित तवरले पालन पोषण गर्नु पर्दछ ।

(ख) कुनै कुत्सित नियत राखी आफूले पालेका पशु चौपायालाई अस्वस्थ बनाई मर्न दिनु हुदैन तथा वेवारिसे गराउनु हुदैन । कालगतिले मरेका चौपायालाई उचित स्थानमा तुरुन्तै गाडी दिनु पर्दछ ।

(ग) पशु चौपाया धनीले जानी जानी वा अनजानमा समेत आफूले पालेका पशु चौपायाहरु सार्वजानिक स्थल, सडक आदिमा छाडा छाड्नु बाध्नु हुदैन ।

(घ)पालिएका पशु चौपायाहरु कुनै कारणबाट आफ्नो घर गोठ छाडी सार्वजनिक स्थलमा गई वेवारिसे अवस्थामा घुमफिर गरेको पाइएमा त्यस्ता चौपायाका धनीले पशु चौपायाको जिम्मा लिई तुरुन्त आफ्नो घर/गोठमा लैजानु पर्दछ ।

(ङ) नगरपालिकाले तोकेको ढाँचा र समयमा आफ्नो चौपायाहरुको विवरण नगरपालिकामा बुझाउनु पर्नेछ ।

४.व्यवसायीहरुको कर्तव्य

(क)सडक तथा फुटपाथ अवरोध गर्न नपाइनेः मुख्य बजार क्षेत्रमा रहेको सडक तथा फुटपाथमा कुनै पनि प्रकारले अवरोध हुने गरी विक्री गर्ने समान झुण्ड्याउने, पाली गाँस्ने, स्ट्यान्डबोर्ड, साइकल मोटर साइकल पार्किङ्ग, साइकल मोटरसाईकल मर्मत गर्ने काम, ठेला, डोका, नांग्लो वा भुँइमा तरकारी, फलफूल वा अन्य व्यापारिक समान राखेर बेचविखन गर्न पाइने छैन ।

(ख)नगर भित्रको सडकमा आवगमनमा असर हुने गरी निर्माण सामाग्री राख्न पाइने छैन ।

५.सर्वसाधारण,नगरबासी तथा संघ संस्थाको कर्तव्य :

(क) वेवारिसे अवस्थामा सार्वजनिक स्थलमा देखिने पशु चौपायाको पहिचान गरी त्यस्ता पशु चौपायाका धनीलाई तुरुन्त आफ्नो घर/गोठमा लैजान खबर गर्नु सर्वसाधारण, नगरवासी तथा स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ ।

(ख) छाडा पशु चौपायाबाट सार्वजनिक स्थलमा हुने असुविधा, फोहोरमैला, सडक दुर्घटना तथा वातावरण एवं हरियालीमा पर्ने नकारात्मक असर बारे जन चेतना जगाई चौपायाहरु वेवारिसे अवस्थामा छाडा छाड्ने प्रवृत्तिलाई निरुत्साहित गर्नु नगरवासी तथा स्थानीय संघ संस्थाको कतर्व्य हुनेछ ।

(ग) छाडा पशु चौपाया नियन्त्रण तथा सडक फुटपाथका लागि नगरपालिकाले संचालन गरेको अभियानमा आवश्यक सहयोग, सल्लाह र सूचनाहरु उपलब्ध गराउनु प्रत्येक नगरवासी र स्थानीय संघ संस्थाको कर्तव्य हुनेछ ।

६. नगरपालिकाको काम कर्तव्य र अधिकार:

(क) नगरपालिकाले यथा सम्भव आफ्नो नगर क्षेत्रभित्र पालिएका पशु चौपायाहरुको वडागत/वस्तुगत लगत तयार गरी यस्तो लगतमा जन्म तथा मृत्यु हुने पशु चौपायाहरुको विवरण अद्यावधिक गर्न चौपाया धनी र वडा समितिलाई निर्देश गर्न सक्नेछ।

(ख) छाडा पशु चौपायाबाट पर्न सक्ने नकारात्मक असरहरुको सम्वन्धमा स्थानीय संघ/संस्थाहरु संगको समन्वयमा जनचेतनामूलक कार्यक्रम संचालन गरी नगरवासीलाई सुसूचित गराउने कार्यमा नगरपालिकाले विशेष ध्यान दिनेछ।

(ग) यस कार्यविधिको परिच्छेद-३ अर्न्तगतको कारवाही पश्चात पनि नगर क्षेत्रमा वेवारिसे अवस्थामा बाँकी रहेका छाडा पशु चौपाया नियन्त्रणको लागि नगरपालिकाले कान्जी हाउस वा अन्य कुनै व्यवस्था गरी त्यस्ता पशु चौपायाहरुको नियन्त्रण/व्यवस्थापन गर्नेछ।

(घ) नगरपालिकाले छाडा पशु चौपाया नियन्त्रणका लागि छाडा पशुचौपायाबाट प्रभावित अन्य छिमेकी नगरपालिका/गाउँ पालिका संग साझेदारी एवं सहकार्य गरी संयुक्त व्यवस्थापन गर्न सक्नेछ।

(ङ) नगरपालिकाले यस्ता छाडा पशु चौपाया नियन्त्रण गर्न निजी क्षेत्र वा कुनै संघ संस्था संग साझेदारी, सहकार्य गरी संयुक्त व्यवस्थापन गर्न वा त्यस्तो व्यवस्थापनको जिम्मा दिन सक्नेछ।

(७) वडा कार्यालयको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) आफ्नो वडा क्षेत्रमा छाडा चौपाया नियन्त्रण गर्न हरसंभव उपायहरु अवलम्बन गर्ने। यस विषयमा आवश्यकतानुसार छिमेकी वडाहरुसँग समन्वय गर्ने।

(ख) आफ्नो वडा भित्र छाडा चौपाया नियन्त्रण र व्यवस्थापन गर्न नगरकार्यपालिकाले निर्देश गरे बमोजिम यस कार्यविधिको परिच्छेद-३ मा व्यवस्था गरिएको दण्ड, जरिवान एवं लिलाम सम्बन्धी कार्य गरी प्राप्त हुन आउने रकम नगरपालिकाको कोषमा जम्मा गर्ने र सोको अभिलेख दुरुस्त राख्ने।

(ग) नगरकार्यपालिकाले निर्देश गरेका अन्य कामहरु गर्ने।

## परिच्छेद-३
## दण्ड, जरिवाना र लिलाम विक्री सम्बन्धी व्यवस्था

८. पशु चौपाया छाडा छाड्ने कार्य दण्डनीय हुनेः घर गोठमा पालिएका पशु चौपायाहरु सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा छाड्न हुदैन । कुनै चौपाया धनीले आफूले पालेका चौपायाहरु नियतबस वा जानी जानी घर/गोठबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा छाड्ने अथवा हेल चक्रयाई गरी त्यस्ता वस्तु जथाभावी छाडिदिने कार्य दण्डनीय हुनेछ ।

९. दण्ड जरिवाना सम्बन्धी व्यवस्था :

(१) कोही कसैले आफूले पालेका पशु चौपायाहरु नियतबस वा जानी जानी घरबाट हटाउने उद्देश्यले सार्वजनिक स्थलमा वेवारिसे गराई छाडिदिने अथवा हेल चक्रयाई गरी त्यस्ता वस्तु जथाभावी छाडिदिने कार्य गरेमा नगरपालिकाले त्यस्ता पशु चौपाया धनीको यकिन पहिचान गरी देहाय बमोजिम जरिवाना गर्नेछ र नियन्त्रणमा लिईएका त्यस्ता छाडा पशु चौपाया निजको जिम्मा लगाउने छ ।

(क) राँगा/भैंसी-पाडा/पाडी -७००/-

(ख) गाई/गोरु-बाछा/बाछी -५००/-

(ग) बाखा, खसी, बोका, भेंडा -३००/-

(घ) सुंगुर/वंगुर -५००/

(ङ) कोही कसैले अनाधिकृत क्षेत्रमा पार्किङ्ग गरेमा रु २००/- (रुपैंया दुई सय) जरिवाना समेत गराउने । सवारी साधन (मोटर साइकल, साइकल, ठेला आदी) उठाई ल्याउनुपर्ने अवस्था भएमा नगरपालिकामा ल्याउने र सो वापत रु १,०००/- (रुपैंया एक हजार) जरिवाना समेत गराई साधन बुझाईदिने । उठाइल्याउन नसकिने ठुला साधनका हकमा व्हील लक गरी राख्ने, व्हील गरेको समय देखि प्रति घण्टा रु. २००/- (रुपैंया दुई सय ) जरिवाना गरि पेश गर्ने ।

(च) सडक तथा सडकको क्षेत्राअधिकार भित्र वा कुनै सार्बजनिक स्थानमा निर्माण सामाग्री तथा घास,पराल,खोलसा,गुइढा,दाउरा,लकडी आदि राखि त्यस्तो सडकको दुरावस्था बनाउने वा आवागमनमा अवरोध गर्नेलाई तत्काल सामाग्री हटाउन लगाउने , त्यस्ता सामाग्री २४ घण्टा भित्र नहटाएमा रु १,०००/- (रुपैंया एक हजार) जरिवाना समेत गर्ने । सामाग्री हटाउन अटेर गरि आलटाल गरेमा सो सामाग्री हटाउने र सो कार्य गर्दा लागेको खर्च र जरिवाना रु. १०,०००/- ( रुपैंया दश हजार) समेत निजबाट असुल उपर गर्ने ।

(२) उपदफा (१) बमोजिम एक पटक जरिवाना बुझाई सकेका चौपाया धनी तथा व्यक्तिले नियतबस सोही कसुर पुनः गरेमा निजलाई पहिलो पल्ट गरेको जरिवानामा ५०% थप गरि असुल उपर गरिनेछ र त्यस्ता छाडा चौपाया तथा सामाग्री निजको जिम्मा लगाइनेछ ।

(३) उपदफा (१) र (२) बमोजिम जरिवाना गर्दा त्यस्ता वेवारिसे छाडा चौपाया नियन्त्रणमा लिदा र नियन्त्रण पश्चात नगरपालिकाले घाँस पानीमा गरेको खर्च समेत उक्त जरिवानामा जोडी असुल उपर गर्न सकिने छ ।

(४) कोही कसैको नियतबस नभै पालिएका पशु चौपायाहरु घर/गोठबाट भागी/हराई नगरपालिकाले सार्वजनिक स्थलबाट नियन्त्रणमा लिई आफैले राखेको अवस्थामा पछि सम्वन्धित चौपाया धनी स्वयंले सोध खोज गरी वास्तविकता पहिचान भै निजले त्यस्ता पशु चौपाया फिर्ता लिन माग दावी गर्दा उक्त अवधि भित्र पशु चौपायाले घाँस पानीमा गराएको खर्च सहित देहायको रकम नगरपालिकालाई बुझाई त्यस्ता चौपाया फिर्ता लैजानु पर्नेछ ।

(क) राँगा/भैंसी प्रतिदिन - ७००/-

(ख) गाई/गोरु प्रतिदिन - ५००/-

(ग) बाखा, खसी, बोका, भेडाको प्रतिदिन -३००/-

(घ) सुंगुर, बंगुरको प्रतिदिन -५००/-

१०. लिलाम बिक्री गर्नेः (१) दफा ७ को उपदफा (१) बमोविम पशु चौपाया तथा अन्य सामानको धनी पत्ता नलागेमा र सोही दफाको उपदफा (४) बमोजिम कसैको माग दावी पर्न नआएमा त्यस्ता छाडा वा वेवारिसे पशु चौपाया र, निर्माण सामाग्री लाई नगरपालिकाले आफूले नियन्त्रणमा लिएको ३ दिन पछि लिलाम बढाबढको संक्षिप्त प्रक्रिया अपनाई विक्री वितरणको व्यवस्था गर्न सक्नेछ ।

(२) यसरी लिलामबाट प्राप्त हुने रकम नगरपालिकाको कोषमा जम्मा गरिनेछ ।

(३) उप दफा (१) बमोजिम छाडा तथा वेवारिसे पशु चौपायाको र फुटपाथमा व्यवसाय गर्नेको सामान, निर्माण सामाग्री लिलाम पछि कसैको माग दावी रहने छैन ।

(४) यस परिच्छेद बमोजिम लिलाम बढाबढ प्रक्रियाबाट व्यवस्थापन गर्न नसकिएका वेवारिसे छाडा पशु चौपायाको चौपाया धनी जुनसुकै बखत पत्ता लागेमा निजलाई उक्त चौपाया, फुटपाथमा व्यवसाय गर्नेको सामान, निर्माण सामाग्रीको मूल्यमा ५० प्रतिशत जरिवाना गरी त्यसता चौपाया, व्यवसाय गर्नेको सामान, निर्माण सामाग्री सम्बन्धित घनिलाई फिर्ता दिइनेछ ।

परिच्छेद-४

विविध

११. अनुगमन समितिः

(१) नगरकार्यपालिकाले छाडा पशु चौपाया नियन्त्रण तथा व्यवस्थापन गर्ने सन्दर्भमा नगर कार्यपालिका सदस्यको संयोजकत्वमा ३ सदस्यीय अनुगमन समितिको गठन गर्नेछ ।

(२) यस समितिको कार्यकाल २ वर्षको हुनेछ ।

(३) अनुगमन समितिले नगर कार्यपालिकाले छाडा पशु चौपाया नियन्त्रण र व्यवस्थापन गर्ने सन्दर्भमा दिएको कार्यादेश बमोजिम अनुगम गरी सुझाव सहितको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(४) अनुगमन समितिले आफ्नो कार्यविधि आफै निर्धारण गर्नेछ ।

(५) नगर प्रमुखले अनुगमन समितिलाई समय समयमा निर्देशन गर्न सक्नेछन्।

१२. नगर प्रहरी कर्मचारी परिचालित हुने :

(१) नगरपालिका क्षेत्र भित्र वेवारिसे अवस्थामा छाडिएका छाडा पशु चौपायाहरु फुटपाथमा व्यवसाय गर्नेको सामान, फुटपाथमा राखेको निर्माण सामाग्रीको आवश्यक निग्रानी र नियन्त्रणका लागि नगर कार्यपालिकाले नगर प्रहरी कर्मचारीलाई परिचालन गर्नेछ ।

(२) नगर प्रहरी कर्मचारी अर्पयाप्त रहेको अवस्थामा अन्य कर्मचारी समेतलाई नगर कार्यपालिकाले उप दफा (१) को कार्यमा परिचालन गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम छाडा पशु चौपाया नियन्त्रणमा खटिने नगर प्रहरी कर्मचारी र अन्य कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले आवश्यक सहजीकरण र निर्देश गर्नेछन्।

१३. पुरस्कारको व्यवस्था :

घर/गोठबाट पशु चौपाया हटाउने कुत्सित मनसायले त्यस्ता पशु चौपाया सार्वजनिक स्थलमा वेवारिसे अवस्थामा छाड्ने, छाड्न लगाउने कार्यमा संलग्न पशु चौपाया धनीको वा फुटपाथमा व्यवसाय गर्ने, निर्माण सामाग्री राख्ने व्यक्तिको सूचना दिने व्यक्ति संघ संस्थालाई त्यस्तो चौपाया धनीबाट असुल गरिएको रकमको १०% रकम पुरस्कार स्वरुप उपलव्ध गराइनेछ ।

१४. कार्यविधि हेरफेर तथा परिमार्जनः

(१) यो कार्यविधिमा समयानुकूल हेरफेर तथा परिमार्जन गर्ने अधिकार नगर कार्यपालिकामा निहित रहनेछ ।

(२) यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा नगर कार्यपालिकाले आवश्यक आदेश तथा निर्देशन जारी गर्न सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगर कार्यपालिकाको निर्णयबाट भएका हेरफेर एवम् आदेश तथा निर्देशनको व्यहोरा सर्व साधारणको जानकारीको लागि प्रचार-प्रसार गर्नु पर्नेछ । १५. अधिकार प्रत्यायोजन गर्न सक्ने :

(१) नगरकार्यपालिकाले यस कार्यविधिको अधिनमा रहि कामकाज गर्ने अधिकार वडा कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

(२) वडा कार्यालयले यस कार्यविधि बमोजिम गरिएको कारवाहीको प्रतिवेदन नगरपालिकामा पेश गर्नु पर्नेछ ।

**आज्ञाले**

**ओमकार प्रसाद न्यौपाने**